सूचना

५२ सनको कोटाको नेपाल भरमुलुकको निमित्त कोटाको रूपमा आउने भएको चिनी टन १५०० मध्ये पाल्ही माफखण्ड " जिल्लानिमित्त ठेकिएको चिनी टन १०० झिकाउन पाएका होलसेलरले आजसम्म सो कोटाको चिनी नउठाई बाँकी रहन आएको हुनाले सो चिनी टन १०० को होलसेलर भई काम गर्न इच्छा भएका महानुभावहरूले यही २००९ साल मार्ग १५ गतेभित्र यस विभागमा दाखिल हुने गरी रू १ को टिकट टाँसी रीतपूर्वकको दरखास्त गर्नुहोला उचित्त ठहरेका उमेदवारको नाममा कोटा बन्दोबस्त हुनेछ ।

डाइरेक्टर,

सिभिल सप्लाइजविभाग.

सिधेनूनको सूचना

पाकिस्तानबाट नेपालमा सिधेनून ल्याउने विषयमा अधिकांश व्यक्तिहरूको दरखास्त परी त्यसमध्ये कोहीले पर्मीट पाए सो नून पैठारी गर्न सक्छु भन्ने समेत लेखेका र सो नून नेपाल सरहदभित्र पैठारी गर्दा मन १ को ७। पर्न जाने लेखिएको मोलमा भाडासम्म थप हुने भै पैठारी हुन सक्ने धेरै सम्भव भएकोहुँदा यस किसिमको नून जनतामा बिक्री गर्न चाहने थोक महाजनहरूको दरखास्त लिनेबारे उद्योग वाणिज्य, खाद्य र सिभिल सप्लाइजविभागबाट लेखीआएको हुनाले सूचना गर्ने काम भएको छ । लेखिएबमोजिम आउने सिधे-नून झिकाई बिक्री गर्न चाहनेहरूले बालु बाजेको नाउँ आफ्नो नाउँ थर वतन र कुन जिल्लाको निमित्त कति मागेको हो, सो र पैठारी हुने जिल्ला नजिकको

भारतीय ष्टेशनसमेत खुलाई बायाँपट्टि खाममा सिधेनूनबारेको दरखास्त भनी लेखी मोरु १ एकको टिकट टाँसी २००६ साल मार्गप्रसान्तसम्ममा यस विभागमा दाखिल हुने गरी पठाउनुहोला ।

डाइरेक्टर,
सिभिल सप्लाइजविभाग.

मुद्रण विभाग, सिंहदरबार

१६०

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीः
सरदार
जोशी